## दुल्लू नगरपालिका

# बजेट वक्तव्य, २०८३



## आर्थिक वर्ष २०८३/०८४

**नगर सभामा पेश मिति: २०८३/०३/०६**

**दुल्लू नगरपालिकाको नगर सभाको १९ औ अधिवेशनमा नगर-उपप्रमुख विना कार्कीद्धारा प्रस्तुत**

## दुल्लू नगरपालिकाको नगरसभाको १९ औ अधिवेशनमा
## नगर उप-प्रमुख विना कार्कीद्धारा प्रस्तुत
## आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम

**श्री नगर सभाका अध्यक्ष एवम् नगर प्रमुख महोदय,**
**नगर सभाका सदस्य ज्युहरू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू एवम् कर्मचारी तथा पत्रकार मित्रहरु,**

यस ऐतिहासिक, साँस्कृतिक एवम् पुरातात्विक नगरी दुल्लू नगरपालिकाको नगर सभाको गरिमामय १९ औ अधिवेशनमा उपस्थित भएका छौं । यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु ।
संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, संघीय आर्थिक नीति, कर्णाली प्रदेश सरकारका नीति, दिगो विकासका लक्ष्य तथा नगरबासीको माग, विषयगत क्षेत्र, विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव वर्तमान परिस्थितिको मूल्याङकन र उपलब्ध सीमित साधन स्रोतको आधारमा यो बजेट तयार गरेको छु । जनचाहनालाई सम्बोधन गर्ने क्रममा सीमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्नु अवश्य पनि सहज विषय छैन, तथापि नगरपालिकाको वर्तमान आवश्यकता र दीर्घकालिन सोचका साथ भरसक ठुला दिगो विकासमा टेवा पुग्ने र नगरबासीहरुको जीवनस्तरमा सरोकार राख्ने प्रकृतिको योजनाहरु एवम् रोजगारी सिर्जना गर्न सक्ने योजनाहरुलाई प्राथमिकतामा राखी बजेट निर्माण गर्ने प्रयास गरेको छु ।

<u>सभा अध्यक्ष एवम् नगर प्रमुख ज्यू,</u>
<u>सभाका सदस्य ज्यूहरू,</u>
आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले तपसिल बमोजिमका दस्तावेजलाई आधारको रुपमा लिएको छु ।

१. नेपालको संविधान,
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

६. दुल्लू नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२
७. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन
८. संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
९. नगरपालिकाको विषय क्षेत्रगत आवधिक योजना, मध्यमकालिन खर्च संरचना, नीति तथा कार्यक्रम
१०. वडा कार्यालयहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु,
११. संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शनहरु,

अब म आगामी आ.व.२०८३/८४ मा प्रस्ताव गरिएको बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आगामी आ.व.२०८३/८४ को बजेटका उद्देश्यहरु तपसिल बमोजिम रहने छन्:**

१. उत्पादन तथा उत्पादकत्व अभिवृद्धि मार्फत आय आर्जन वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने,
२. दिगो र प्रतिफलमुखी भौतिक पूर्वाधार निर्माण गरी सघन अन्तर आबद्धता कायम गर्ने,
३. प्रयाप्त पूर्वाधार निर्माण र उपयुक्त प्रोत्साहन प्रदान गरी लगानी आकर्षण गर्ने,
४. गुणस्तरीय मानवपुँजी निर्माण, उपयोग र उद्यमशीलता विकास मार्फत रोजगारीका अवसर सिर्जना गर्ने,
५. गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने,

**आगामी आ.व.२०८३/८४ को बजेटका प्राथमिकता देहाय बमोजिम छन्:**

१. उद्यमशिलता, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि,
२. प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार,
३. सामाजिक क्षेत्रमा गुणात्मक सुधार,
४. सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता
५. नागरिकमैत्री सार्वजनिक सेवा प्रवाह, भ्रष्ट्राचार नियन्त्रण, सदाचार र शासकीय सुधार
६. गुणस्तरीय शिक्षा, पहुँचयोग्य आधारभूत स्वास्थ्य सेवा
७. युवा तथा खेलकुद विकास
८. कर्मचारी प्रशासन सशक्तीकरण तथा जनशक्ति विकास
९. कृषि, उद्योग, पर्यटन, सूचना प्रविधिको विकास, विस्तार र लगानी

साथै, आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतको क्षेत्रमा रहेका थुप्रै चुनौतीहरु तथा वर्तमान संक्रमणको अवस्था र सो को प्रभावलाई

सम्बोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनहरुलाई संघीय र प्रदेश सरकारका कार्यक्रमसँग समन्वय गरी साझेदार संघसंस्थाहरुसँग सहकार्यलाई समेत अगाडि बढाउने गरी बजेट तयार गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

**नगर सभा सदस्य ज्यूहरु**

**अब म यस गरिमामय नगरसभामा देहायका विषयवस्तु प्रस्तुत गर्ने अनुमति चाहन्छु**

१. चालु आ.व.को हालसम्मको प्रगति प्रतिवेदन,

२. चालु आर्थिक वर्षको आन्तरिक राजश्व तथा राजश्व बाडँफाटको अवस्था,

३. चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा खर्चको अवस्था,

४. आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमहरु,

चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्मको प्रगति प्रतिवेदन यसै वक्तव्यको अनुसूची -१ मा पेश गरेको छु ।

**अब म चालु आर्थिक वर्षको नगरपालिकाको संचित कोषको हालसम्मको अवस्थाको विवरण पेश गर्दछु ।**

चालु आर्थिक वर्ष २०८२/०८३ को मिति २०८२/०४/०१ देखि २०८३/०३/०२ गते सम्मको बजेट तथा खर्चको यथार्थ विवरण तपसिल बमोजिम रहेको छ ।

१. चालु आर्थिक वर्ष २०८२/०८३ को लागि कुल बजेट १ अर्ब ५ करोड १३ लाख ५७ हजार विनियोजन गरिएकोमा, २०८३ असार २ गतेसम्म कुल ६३ करोड ९३ लाख ७० हजार खर्च भएको छ, जुन कुल विनियोजित बजेटको ६०.८१ प्रतिशत खर्च हुन्छ ।
२. कुल विनियोजनको चालु तर्फ ७८ करोड १७ लाख ७१ हजार र पुँजीगत तर्फ ३१ करोड ५१ लाख १८ हजार विनियोजन गरिएकोमा, जसमध्ये चालु तर्फ ५० करोड ९१ लाख ३८ हजार ६५.१२ प्रतिशत र पुँजीगत तर्फ १४ करोड ८ लाख ५३ हजार ४४.७ प्रतिशत खर्च भएको छ ।
३. आन्तरिक आम्दानी तर्फ रु.२ करोड ७२ लाख ८ हजार अनुमान गरिएकोमा, हालसम्म ८७ लाख ८७ हजार रुपैयाँ आम्दानी भएको छ ।साथै संघीय सरकारको

समानीकरण अनुदान तर्फ रु. १२ करोड २९ लाख र कर्णाली प्रदेशबाट प्रक्षेपित समानीकरण अनुदान तर्फ रु. १ करोड ६६ लाख ४१ मध्ये हालसम्म क्रमश् रु. ११ करोड २३ लाख ९२ हजार र १ करोड ६६ लाख ४१ हजार आम्दानी भएको छ ।

४. संघीय सरकारबाट राजश्व बाँडफाँट शीर्षकमा प्रक्षेपित रु.११ करोड ७२ लाख ५ हजार अनुमान मध्ये हालसम्म रु. ८ करोड ९३ लाख ७ हजार तथा कर्णाली प्रदेशबाट अनुमानित ३५ लाख ७१ हजार मध्ये हालसम्म १८ लाख ६६ हजार प्राप्त भएको छ ।

५. स्थानीय राजश्व बाँडफाँट तर्फ घरजग्गा रजिष्ट्रेशन मालपोत कार्यालय दुल्लू मार्फत रु. १८ लाख ५१ हजार आन्तरिक राजश्व खातामा प्राप्त भएको छ ।

**अब म दुल्लू नगरपालिकाको क्षेत्रगत बजेट खर्चको अवस्था प्रस्तुत गर्दछु,**

६. आर्थिक विकास क्षेत्रतर्फ ३ करोड ८ लाख ७५ हजार विनियोजन भएकोमा हालसम्म १ करोड २५ लाख ६९ हजार अर्थात् ४०.७१ प्रतिशत खर्च भएको छ ।

७. सामाजिक विकास क्षेत्र तर्फ ७५ करोड ६७ लाख ३४ हजार विनियोजन भएकोमा २०८२ असार २ गतेसम्म ४८ करोड ६५ लाख ८४ हजार अर्थात् ६४.३ प्रतिशत खर्च भएको छ । त्यस्तै पूर्वाधार विकास तर्फ १० करोड ३५ लाख ७९ हजार विनियोजन भएकोमा हालसम्म ४ करोड ७९ लाख ८४ हजार अर्थात् ४६.३३ प्रतिशत खर्च भएको छ ।

८. सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ ४ करोड ३८ लाख ३१ हजार विनियोजन भएकोमा हालसम्म १ करोड ९७ लाख ३५ हजार अर्थात् ४५.०२ प्रतिशत खर्च भएको छ । साथै कार्यालय संचालन तथा प्रशासनिक खर्च क्षेत्रतर्फ ११ करोड ६३ लाख ३६ हजार विनियोजन भएकोमा ७ करोड २४ लाख ९७ हजार अर्थात् ६२.३२ प्रतिशत खर्च भएको छ ।

**सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

**म अब दुल्लू नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को कुल आय व्ययको अनुमान यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

१. नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल व्यय रु. १ अर्ब ५ करोड ७० लाख ४९ हजार बजेट विनियोजन गरेको छु । यसको लागि आन्तरिक आय तर्फ १ करोड २० हजार(घरजग्गा रजिष्ट्रेशन एवं दहत्तर बहत्तर सहित), संघीय राजश्व बाँडफाँटबाट रू. १२ करोड १६ लाख ७९ हजार तथा कर्णाली प्रदेश सरकारको राजश्व बाँडफाँटबाट ३३ लाख ६५ हजार, नेपाल सरकार र कर्णाली प्रदेश सरकारको अन्तरसरकारी वित्तीय हस्तान्तरण तर्फ ६२ करोड, सडक बोर्ड नेपालबाट ५० लाख र बैंक मौज्दात तथा अन्य आयतर्फ ५ करोड ४० लाख ५ हजार रहने प्रक्षेपण गरिएको छ ।

२. सामाजिक सुरक्षा तथा संरक्षण लगायत अन्तरसरकारी अख्तियारी शीर्षकमा अनुमानित २४ करोड १० लाख रहने प्रक्षेपण गरिएको छ । जसलाई अन्तर सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाङ्कनको प्रबन्ध गरिने छ ।

३. आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि आर्थिक विकास क्षेत्र तर्फ रु. ३ करोड ३७ लाख ५० हजार, सामाजिक विकास तर्फ रु. ७० करोड ८ लाख ५५ हजार, पूर्वाधार विकास तर्फ रु.१८ करोड ७० लाख ४४ हजार, सुशासन तथा संस्थागत विकास तर्फ रु. १ करोड १५ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ रु. २८ लाख र कार्यालय संचालन तथा प्रशासनिक खर्च क्षेत्र तर्फ रु. १२ करोड ११ लाख बजेट विनियोजन गरेको छु ।

४. अब म आगामी आर्थिक वर्ष २०८३/८४ को क्षेत्रगत कार्यक्रम तथा विनियोजन भएको प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## भवन बस्ती आवास तथा शहरी विकास

५. **"विश्वासिलो स्थानीय पूर्वाधार दिगो विकासको मजबुत आधार"** भन्ने लक्ष्य सहित दुल्लू नगरपालिकालाई जिल्ला कै नमुना पालिकाको रुपमा विकास गर्न ठुला तथा रणनीतिक महत्व तथा गौरवका पूर्वाधार निर्माण गर्न, भवन बस्ती तथा आवास विकासको लागि एवम् संघीय सरकार अनुदान र कर्णाली प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदान

अन्तर्गतका योजनाहरु कार्यान्वयनको लागि **रु. १ करोड ९४ लाख** विनियोजन गरेको छु ।

६. नगरपालिका अन्तर्गत रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय किर्तिखम्बमा बहुउद्देश्यीय भवन निर्माण, ओम हुँगिल फाउण्डेसनको सहयोगमा निर्माण हुदै गरेको भवन निर्माणमा चालु आ.व.देखि निर्माण सुरु भएका भवनको निर्माण निरन्तरता दिइएको छ, जसका लागि **रु.९८ लाख** बजेट विनियोजन गरेको छु ।

७. गतका आर्थिक बर्षदेखि निर्माणाधीन रहेका क्रमागत आयोजनाहरु तथा अलपत्र रहेका पुराना योजनाहरुलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्नका लागि ५० लाख विनियोजन गरेको छु ।

८. दुल्लू नगरपालिका वडा नं.१२ मा गौरी स्वास्थ्य चौकीको भवन निर्माणको लागि प्रदेश समपूरक अनुदान र पालिकाको समपूरक कोष मार्फत रु. १ करोड ७२ लाख बजेट विनियोजन गरेको छु ।

## सडक, पुल तथा यातायात व्यवस्था

९. नगरभित्रका सडक तथा यातायात पूर्वाधारको स्तरोन्नति, स्थानीय रोजगारी सिर्जना, जलवायु अनुकुलन, हरित सडकको अवधारणलाई सार्थक तुल्याउन सडकको दायाँ बायाँ वृक्षारोपण गर्न स्थानीय पुर्वाधार सहयोग कार्यक्रमलाई कार्यान्वयन गर्न पालिकाको साझेदारी सहित **रु. ७ करोड ४४ लाख बजेट विनियोजन** गरेको छु ।

१०. दुल्लू नगरपालिका वडा नं.१० को नाभिस्थानमा दुल्लू भैरवी जोड्ने गरी मितेरी काठेपुल निर्माणको लागि कर्णाली प्रदेश सरकारको स्रोतबाट **रु. १० लाख बजेट विनियोजन** गरेको छु ।

११. बारतडी-शान्तिबजार-किर्तिखम्ब सडक स्तरोन्नति, बजाउ देउतीचौर काफलपानी पातिकान्ला सडक स्तरोन्नति, कर्णाली राजमार्ग भाटिमेला सडक निर्माण, तुल्धारा तोलिडोग्रा सडक निर्माण, भैरवथान हेराउढुङ्गा खेतगाउँ सडक निर्माण, कर्पन भुकाँहा सडक निर्माण, झाँटाघर पारिमेला सडक निर्माण, धुलेगल्बा काफलपानी शान्तिबजार सडक स्तरोन्नती, मडासैन नाभिस्थान सडक स्तरोन्नती, देउथान हुडिखोला सडक स्तरोन्नति, डिठ्ठाधारा रनुखाना सडक स्तरोन्नति जस्ता नगरपालिकाको मुख्य तथा

सहायक सडकको निर्माण स्तरोन्नति गर्न संघ र प्रदेश सरकारको स्रोत सहित **रु. ३ करोड ७५ लाख** बजेट विनियोजन गरेको छ ।

## जलस्रोत विद्युत तथा स्वच्छ ऊर्जा

१२. नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा दुल्लू नगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिएको छु जसका लागि **रु. १० लाख** विनियोजन गरेको छु ।

१३. खानेपानी सेवालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्नको लागि खानेपानी व्यवस्थापन बोर्डको संस्थागत विकास, बोर्डको कार्यलाई प्रभावकारी तथा नियमित बनाउन र हेलोधारा कार्यक्रमसँग साझेदारी गर्ने गरी **रु.२५ लाख विनियोजन** गरेको छु ।

## सञ्चार तथा सूचना प्रविधि

१४. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा सूचना प्रविधिमा आधारित सार्वजानिक सेवा तथा ज्ञानमा आधारित उद्यमशीलता कार्यक्रम संचालन गर्न, नगरपालिकाले गरेका विकास निर्माण र जनसरोकारका विषयवस्तुलाई सकारात्मक तथ्यगत आधारमा प्रचार प्रसार तथा प्रकाशन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. विद्युतीय हाजिरीलाई केन्द्रीकृत गर्ने, विद्यालयहरुमा समेत इ-हाजिरी, सिसिटिभि क्यामेरा जडान गर्न, विद्यालयमा डिजिटल कक्षाकोठा व्यवस्थापन गर्न, नगरपालिकामा हाल प्रयोगमा आएको फुलफेसको राजश्व व्यवस्थापन प्रणाली, इपेमेन्ट, अनलाइन पंजीकरण प्रणाली, डिजिटल नागरिक बडापत्र, बायोमेक्ट्रिक, माइन्युट व्यवस्थापन प्रणाली लगायत अन्य सफ्टवेयर खरिद र नवीकरणका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## आधारभूत स्वास्थ्य तथा सरसफाई

१६. नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको अवलम्बन गर्न, पञ्चकर्म, पूर्वकर्म सेवालाई आवश्यक सुधार गर्न कार्यक्रम संचालन गर्न **आवश्यक बजेट विनियोजन** गरेको छु ।

१७. दुल्लू अस्पतालबाट सुत्केरी हुन अगावै र सुत्केरी भएपश्चात कुनै जटिलता देखिएमा दुल्लू अस्पतालबाट चिकित्सकले रिफर गरेमा जुनसुकै अस्पतालमा जाने आउने निशुल्क एम्वुलेन्स सेवा लाई निरन्तरताको लागि **आवश्यक बजेट विनियोजन** गरेको छ ।

१८. नागरिकको लागि प्रदान गरिने निशुल्क/आकष्मिक औषधी खरिद र दुल्लू अस्पतालमा आवश्यक स्वास्थ्य सामाग्री खरिद तथा आपुर्तीको लागि संघीय सरकारको स्रोत सहित **रु. १ करोड २१ लाख** विनियोजन गरेको छ ।

१९. नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाइ क्षेत्रका नीति कार्यान्वयनका लागि एकमुष्ट **रु.७ करोड ४० लाख** बजेट विनियोजन गरेको छ ।

२०. नगरपालिका भित्रका विभिन्न स्वास्थ्यसंस्था अन्तर्गत कार्यरत रहेका महिला स्वास्थ्य स्वयमसेविकाहरुको उच्च मनोबल सहित प्रोत्साहन गर्न संघीय सरकार र प्रदेश सरकारको स्रोतबाट **आवश्यक बजेट विनियोजन** गरेको छ ।

२१. दुल्लू अस्पतालको सेवा विस्तार गरी विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन, फिजियोथेरापी सेवालाई थप प्रभावकारी तथा पहुँचयोग्य बनाउनको लागि **रु. ८२ लाख बजेट विनियोजन** गरेको छ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

२२. घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति अनुसार नागरिकलाई सहज र पँहुच योग्य बनाउन भुक्तानी शिविर संचालन कार्यक्रमलाई निरन्तरता दिन **आवश्यक बजेट** विनियोजन गरेको छ ।

२३. संघीय सरकारको स्रोतबाट खर्च हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम- सामाजिक सुरक्षा भत्ता वितरण गर्न, कर्णाली प्रदेश सरकारको स्रोतबाट सशस्त्र द्धन्द्धबाट घाइतेको लागि जीवन निर्वाह भत्ता र सहिद परिवारको लागि सहिद स्मृति भत्ता वितरणको लागि अनुमानित **रु.२४ करोड १० लाख बजेट विनियोजन** गरेको छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२४. विभिन्न लक्षित वर्गहरु दलित, जनजाति, महिला, अपाङ्ग, विपन्न समुदायका लागि विभिन्न संघ संस्थाहरुको समन्वय, सहकार्य एवं साझेदारीमा जीविकोपार्जन सुधार तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गर्न, बालमैत्री स्थानीय शासनको लागि आवश्यक सूचक मापदण्डहरु पुरा गर्न, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरु तथा जोखिममा परेका नागरिकहरुको हक अधिकारको संरक्षणका लागि **रु. ३२ लाख ८० हजार विनियोजन** गरेको छु ।

२५. दुल्लू नगरपालिकामा राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत मानव विकास सूचकाङ्कमा पछाडी परेका नागरिकको लागि जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न संघीय सरकारको स्रोतबाट **रु. ९ लाख बजेट विनियोजन** गरेको छु ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम

२६. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पोषणयुक्त टोल र वडा घोषणा गर्न, पोषण सुधारका लागि पोषण प्रवर्द्धन कार्यक्रम सचालन साथै सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान सहितको कार्यक्रम संचालन गर्नका लागि नगरपालिकाको साझेदारी सहित रु. ४६ **लाख** विनियोजन गरेको छु ।

## कृषि तथा पशुपन्छी विकास

२७. कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बिउ बैंक सुदृढीकरण कार्यक्रम, राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम, खुमल जातका मसिना तथा बास्नादार धान बिउ उत्पादन कार्यक्रम, किसान सूचीकरण कार्यक्रम, कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम, स्थानीय उत्पादनको बजारीकरण सहयोग, साना तथा मझौला कृषि पकेट क्षेत्रको विकास गर्न, फलफूल पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिन, एक वडा एक कृषि उत्पादन नारालाई कार्यान्वयन गर्न साझेदारी

रकम तथा कृषि विकास शाखा व्यवस्थापन सहित **रु. ६० लाख** विनियोजन गरेको छु ।

२८. नियमित रुपमा पशुपन्छीको औषधी उपचार सेवा, पशु बन्ध्याकरण, गाईनो-कोलोजिकल सेवा, आकस्मिक महामारी नियन्त्रण, सर्जिकल सेवा प्रदान गरिनुका साथै विश्वसनीय रोग निदानको सेवा प्रवाह गर्नका लागि नमुना सङ्कलन, परीक्षण तथा अन्वेषण र भेटेरीनरी डिस्पेन्सरी सेवालाई थप प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

## उद्यम तथा श्रम रोजगार

२९. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गर्न, मेड्पा कार्यक्रम अन्तर्गत आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी र एड्भान्स सीप विकास तालिम कार्यक्रम संचालन गर्न तथा नयाँ लघु उद्यमी सिर्जना गर्न नगरपालिकाको साझेदारी रकम सहित **रु. १७ लाख** बजेट विनियोजन गरेको छु ।

३०. आगामी आर्थिक वर्ष २०८३/०८४ मा दुल्लू नगरपालिका र सुरक्षित आप्रवासन-सामी कार्यक्रमको संयुक्त साझेदारीमा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा सूचना प्रवाह कार्यक्रम संचालन गर्न,डिजिटल श्रम तथा रोजगार सेवा प्रवर्द्धन कार्यक्रम संचालन गर्न, श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गर्न तथा उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशिलता प्रवर्द्धन र पुन: एकीकरण सम्बन्धी क्रियाकलाप संचालन गर्न संघ र प्रदेश सरकारको स्रोत सहित **रु. २ करोड ११ लाख** बजेट विनियोजन गरेको छु ।

## सहकारी प्रवर्द्धन तथा संस्कृति पर्यटन

३१. सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्न, सहकारी संस्थाहरुले प्रयोगमा ल्याएका असल अभ्यास आदान प्रदानका लागि प्रचार प्रसार र अनुसरण कार्यमा प्रभावकारिता ल्याउन, दर्ता भई निष्क्रिय रहेका सहकारी

संस्थाहरूलाई पुनः सक्रिय बनाउन नियमित अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनका लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

३२. दुल्लू नगरपालिका वडा नं.३ को तियाडी पर्यटकीय पूर्वाधार निर्माण, बस्नेपाटी टाकुरेखाल पार्क निर्माण, रावत देउथान खोदाइ धार्मिक पर्यटन पूर्वाधार निर्माण, मष्टा खोदाइ, तियाडी धार्मिक पर्यटन पूर्वाधार निर्माण, तियाडी धार्मिक पर्यटन पूर्वाधार निर्माण बस्नेपाटी, सेतीमुग्राहा संरक्षण एवम् पुनर्निर्माण, गान्जा भैरव धार्मिक पर्यटन पूर्वाधार निर्माण र दाशु स्मृति प्रतिष्ठान घेराबार तथा बेताल धार्मिक पर्यटन पूर्वाधार निर्माणका लागि कर्णाली प्रदेश स्रोतबाट **रु.८० लाख** विनियोजन गरेको छु ।

३३. दुल्लूमा आगामी आर्थिक वर्षमा पंचकोशी साहित्य महोत्सवको आयोजनाको लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

३४. पर्यटन क्षेत्रको संस्थागत क्षमता विकास गर्न पर्यटन विकास केन्द्रको संचालन तथा व्यवस्थापनको लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

३५. पंचकोशी पर्यटकीय क्षेत्र नाभिस्थानमा शिव मन्दिरमा धर्मशाला निर्माण तथा अपुरो धर्मशाला भवन फिनिसिङ कार्यको लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

## शिक्षा युवा तथा खेलकुद

३६. स्थानीय पाठ्यक्रम हाम्रो परम्परा, हाम्रो सँस्कृति कार्यान्वयनका लागि पाठ्यपुस्तक लेखन तथा छपाइ गरी वितरण गर्न, आधारभूत तह उत्तीर्ण परीक्षा(कक्षा ५-८)को परीक्षालाई समयानुकुल व्यवस्थापन बनाउन तथा शिक्षा युवा तथा खेलकुदसँग सम्बन्धित नीतिहरुको कार्यान्वयनका लागि संघ, प्रदेश र आन्तरिक स्रोतबाट शाखा संचालन तथा व्यवस्थापन सहित **रु. ३१ करोड ९३ लाख बजेट विनियोजन** गरेको छु ।

३७. बालविकास तथा विद्यालय कर्मचारीको तलब थप, शिक्षक/कर्मचारी प्रोत्साहन, सामुदायिक अध्ययन केन्द्रका परिचालिका प्रोत्साहन र नगरपालिकाको तर्फबाट सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई **थप प्र.अ.भत्ता व्यवस्था** गरेको छु ।

३८. दुल्लू नगरपालिकाको युवा नीति कार्यान्वयनका लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

३९. दुल्लू नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा डिजिटलमैत्री विद्यालय शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड लगायतका शैक्षिक पूर्वाधार स्थापनाको लागि प्रदेश सरकारको स्रोतबाट **रु. ३५ लाख बजेट विनियोजन** गरेको छु ।

४०. आगामी आर्थिक वर्षमा विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार निर्माणको लागि संघीय सरकारको स्रोतबाट विद्यालयको पुर्वाधार निर्माणको लागि **रु. ६० लाख बजेट विनियोजन** गरेको छु ।

४१. विद्यालयहरुमा अनुगमन, कक्षाकोठा अवलोकन, शिक्षकको पेशागत क्षमता विकास, कोचिङ, मेन्टरिङ, शिक्षक तालिम, विषयगत सिकाई समुह संयन्त्रको प्रभावकारीता अभिवृद्धि गर्नका लागि आगामी आर्थिक वर्षमा **आवश्यक बजेटको प्रबन्ध** गरेको छु ।

४२. दरबन्दी मिलानको क्रममा शिक्षक अपुग हुने माध्यमिक विद्यालयहरुमा र शुन्य दरबन्दी भएका +२ विद्यालयहरुको शिक्षक व्यवस्थापनको लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

४३. विकास योजना संचालन गर्दा साना आयोजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन र ठूला आयोजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन गर्न **आवश्यक बजेट विनियोजन** गरेको छु ।

४४. नगरपालिकाको विपद् जोखिम नक्साङ्कन, आपतकालिन कार्यसंचालन केन्द्रको क्षमता विकास गरी स्वयंमसेवक परिचालन, विपद सामग्री खरिद, भण्डारण, जोखिम न्युनीकरण कार्यक्रम संचालन, राहत वितरण, तटबन्धन कार्य, वृक्षारोपण, पुन:स्थापनाको लागि आवश्यक बजेट तथा विपद व्यवस्थापन कोषका लागि **रु. ३२ लाख बजेट विनियोजन** गरेको छु ।

४५. नगरक्षेत्र भित्र रहेको ठाडोंलेख वन वृक्षारोपण कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४६. वन्यजन्तुबाट क्षतिग्रस्त नागरिकलाई राहत वितरण गर्ने, वन्यजन्तुबाट बच्नका लागि बारको रुपमा प्रयोग हुने केतुकी लगायतका बिरुवा उत्पादनका लागि नर्सरी व्यवस्थापन गर्नका लागि **आवश्यक बजेटको प्रबन्ध** गरेको छु ।

## राजश्व प्रशासन

४७. नगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक तयार गर्ने, करदातालाई कर शिक्षा प्रदान, नगरपालिकाको राजश्वलाई डिजिटल प्रणालीमा आबद्ध गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

## वडास्तरबाटै सम्पन्न हुने आयोजनाहरु

४८. नगरपालिकाका १३ वटै वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तरबाट कार्यक्रम कार्यान्वयन हुने गरी प्रत्येक वडामा न्यूनतम र सुत्रमा आधारित गरी दुई प्रकारबाट वडास्तरीय सिलिङ् निर्धारण गरिएको छ । यसरी १३ वटै वडामा वडास्तरीय आयोजनाहरुको लागि रु. ३ करोड ८५ लाख विनियोजन गरेको छु ।

## कर्मचारी प्रशासन, जनशक्ति विकास र सुशासन

४९. जनप्रतिनिधि र कर्मचारीहरूका लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनतार्जकी तालिम संचालन, सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा समितिको संस्थागत क्षमता विकास गर्नका लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

५०. नगरपालिकामा कार्यरत कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंमसेविका तथा संघ सस्थाको प्रतिनिधित्व हुने गरी राम्रो कार्यसम्पादन गर्नेलाई संस्थागत मूल्याङ्कनको आधारमा पुरस्कृत गर्ने कार्यको थालनी गर्नका लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

## निजी क्षेत्र तथा विकास साझेदारसँगको सहकार्य

५१. दुल्लू नगरपालिकामा कार्यक्षेत्र बनाएका विकास साझेदारहरु, आ.व.को बिचमा थप हुने विकास साझेदारहरुको साझेदारीमा आयोजना संचालन गर्नका लागि समपूरक साझेदारी, संघसंस्था साझेदारीका चालु/पुँजीगत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि **रु. ३ करोड ८७ लाख ९४ हजार बजेट विनियोजन** गरेको छु ।

## सेवा प्रवाह, संस्थागत विकास तथा शासकीय सुधार

५२. उच्च मनोबलयुक्त जनशक्तिबाट प्रभावकारी सेवा प्रवाह भई आम सेवाग्राहीले सुशासनको अनुभूति गर्ने हुँदा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, कर्मचारी प्रोत्साहन सहित नगरपालिकाको समग्र प्रशासनिक कार्यको लागि एकमुष्ठ रु. १२ करोड ११ लाख विनियोजन गरिएको छ ।

५३. संघीय तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विषेश अनुदान, समपूरक अनुदान र सडक बोर्ड नेपालबाट प्राप्त बजेट तोकिएकै **शीर्षकमा खर्च तथा लेखाङ्कन**को व्यवस्था गरिनेछ ।

५४. मागमा आधारित भई कार्यान्वयन हुने गरी जनतासँग नगरप्रमुख र जनतासँग नगर उपप्रमुख कार्यक्रमको लागि **रु. १ करोड १० लाख** विनियोजन गरेको छु ।

५५. नागरिक सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त बनाउनको लागि कार्यालय स्वचालित प्रणाली(OAS System) कार्यालय स्वचालन प्रणालीलाई थप व्यवस्थित बनाउनको लागि **आवश्यक बजेट व्यवस्था** गरेको छु ।

५६. विभिन्न विपद् जन्य-घटनावाट मृत्यू हुने शव व्यवस्थापनका लागि शव-बाहन खरिद गर्नको लागि रु. **३५ लाख बजेट विनियोजन** गरेको छु ।

## न्यायिक, कानून र सुरक्षा

५७. नगरपालिकामा रहेको न्यायिक समिति ईजलासको थप व्यवस्थापन गरिनुका साथै सबै वडाहरुमा मेलमिलापकर्ताहरुका लागि मेलमिलाप केन्द्र स्थापना, संचालन र

व्यवस्थापन गर्न शाखा व्यवस्थापन सहित लागि **रु. ११ लाख बजेट विनियोजन** गरेको छु।

५८. हालसम्म पारित भएका ऐन, नियम, निर्देशिका र कार्यविधिहरुलाई जनभावना, कार्याअनुभव, सिकाई प्रयोग र समय सापेक्ष परिमार्जन एवं संसोधन गर्दै कार्य सम्पादनमा सहजता प्रदान गर्नको लागि कानूनी संगालो छपाइ तथा वितरणको लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

५९. नगरपालिकामा कानूनी परामर्श तथा कानूनी अभिमुखीकरण कार्यक्रम संचालन गर्न र नगरपालिका क्षेत्रभित्र रहेका सुरक्षा निकायको उत्कृष्ट कार्यसम्पादनको लागि प्रोत्साहन स्वरुप प्रशासनिक खर्च व्यवस्थाको लागि **आवश्यक बजेट विनियोजन** गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१) आगामी आ.व.२०८३/०८४ का लागि गरिएको खर्च व्यहोर्ने स्रोत निम्नानुसार स्रोतबाट अनुमान गरेको छु ।

**तपसिल:**

| क्र.सं. | अनुदान | आय अनुमान | अक्षरुपी |
|---|---|---|---|
| १ | संघ समानीकरण अनुदान | १२,४०,००,००० | बाह्र करोड चालिस लाख |
| क्र.सं. | अनुदान | आय अनुमान | अक्षरुपी |
| २ | संघ सशर्त अनुदान | ३७,६३,००,००० | सत्तिस करोड त्रिसठ्ठी लाख |
| ३ | संघ विशेष अनुदान | ८८,००,००० | अठासी लाख |
| ४ | संघ समपूरक अनुदान | १,६३,००,००० | एक करोड त्रिसठ्ठी लाख |
| ५ | संघ राजश्व बाँडफाँट | १२,१६,७९,००० | बाह्र करोड सोह्र लाख उनासी हजार |
| ६ | प्रदेश समानीकरण अनुदान | १,७४,७५,००० | एक करोड चौहत्तर लाख पचहत्तर हजार |
| ७ | प्रदेश सशर्त अनुदान | ६,५०,२५,००० | छ करोड पचास लाख पच्चीस हजार |

| | | | |
|---|---|---|---|
| ८ | प्रदेश विशेष अनुदान | ३५,००,००० | पैतिस लाख |
| ९ | प्रदेश समपूरक अनुदान | ८६,००,००० | छयासी लाख |
| १० | प्रदेश राजश्व बाँडफाँट | ३३,६५,८९५.४० | तेत्तीस लाख पैसठ्ठी हजार आठ सय पन्चानब्बे रुपैंया चालिस पैसा |
| ११ | आन्तरिक राजश्व | १,२०,००,००० | एक करोड बिस लाख |
| १२ | सामाजिक सुरक्षा | २४,००,००,००० | चौबिस करोड |
| १३ | सहिद स्मृति भत्ता/घाइते निर्वाह भत्ता | १०,००,००० | दश लाख |
| १४ | सडक बोर्ड नेपाल | ५०,००,००० | पचास लाख |
| १५ | अल्या | ५,४०,०५,००० | पाँच करोड चालिस लाख पाँच हजार |
| कुल जम्मा | | १,०५,७०,४९,८९५.४० | एक अर्ब पाँच करोड सत्तरी लाख उनानपचास हजार आठसय पन्चानब्बे रुपैया चालिस पैसा |

२) दुल्लू नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को लागि कुल बजेट मध्ये ७८ करोड ८८ लाख ५ हजार रुपैंया चालु तर्फ र पुँजिगत तर्फ २६ करोड ६२ लाख ४४ हजार रुपैंया गरी कुल १ अर्ब ५ करोड ७० लाख ४९ हजार रुपैंयाको बजेट पेश गरेको छु । जसमध्ये चालु खर्च तर्फ ७४.६२ प्रतिशत र पुँजिगत तर्फ २५.३८ विनियोजन गरिएको छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ०.५४ प्रतिशतले बढी हो ।

**सभा अध्यक्ष महोदय,**

**सभाका सदस्य महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) कर करले होइन, रहरले तिर्ने भन्ने मान्यता अनुसार कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाई करदातामैत्री कर प्रशासन मार्फत् राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन र सोको आर्थिक र सामाजिक न्यायका लागि उपयोग गर्ने नीति लिइनेछ । शिक्षा, स्वास्थ्य लगायतका आधारभूत सेवा सुविधामा लगानी वृद्धि एवम् नागरिकको पहुँच विस्तार गरी

जीवनस्तरमा सुधार ल्याउन, नगरको पूर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन र नागरिक हित एवम् सामाजिक-आर्थिक न्याय प्रत्याभूत गर्न राजश्व परिचालनलाई दिगो, भरपर्दो, व्यवस्थित र अनुमानयोग्य बनाउनु राजश्व नीतिको मुख्य उद्देश्य हुनेछ । उपयुक्त उद्देश्य हासिल गर्न देहाय बमोजिमको राजश्व नीति अवलम्बन गरिनेछ ।

१. कराधारको संरक्षण गर्नुको साथै नीतिगत छिद्रको दुरूपयोग र सबै किसिमका अनौपचारिक एवम् अवैध आर्थिक कारोबारलाई निरुत्साहित गर्दै सबै करयोग्य क्रियाकलापलाई करको दायरामा ल्याई कराधार विस्तार गर्ने,
२. कर प्रणालीलाई सरल, सहज, मितव्ययी, प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवम् कर परिपालना अभिवृद्धि गर्ने,
३. स्थानीय तहको एकल र साझा अधिकार क्षेत्रका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजश्व वृद्धि गर्ने,
४. करदाता शिक्षा र सचेतामुलक कार्यक्रमको माध्यमबाट करको दायरा विस्तार एवम् कर परिपालना अभिवृद्धि गर्ने,
५. राजश्व प्रशासनको दक्षता र व्यावसायिकता अभिवृद्धि गर्ने,

**सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

आजको यस गरिमामय नगर सभामा प्रस्तुत गरिएको नीति कार्यक्रम तथा विनियोजन बजेटबाट दुल्लू नगरपालिकाको भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु ।

बजेट तर्जुमाको क्रममा स्रोत उपलब्ध गराउने नेपाल सरकार तथा कर्णाली प्रदेश सरकार, अमूल्य सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, सम्पूर्ण विकास साझेदार संघसंस्थाहरु, राजनीतिक दलहरु, संचार जगत लगायतका आम दुल्लू नगरबासी दिदीबहिनी दाजुभाइहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । बजेट तर्जुमाको क्रममा सबैबाट प्राप्त भएको सहयोग बजेट कार्यान्वयनको क्रममा समेत यथावत रुपमा रहिरहने मेरो अपेक्षा छ ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम र बजेट र सोसँग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक रुपमा छलफल गरी पारित गराई प्रभावकारी कार्यान्वयनमा सबैको सहयोग हुनेछ भन्ने विश्वासका साथ स्वीकृतीका लागि नगर सभा सदस्यहरु ज्यूहरुमा प्रस्तुत गरेको छु ।

धन्यवाद ।

मितिः २०८३/०३/०६, शनिबार

<u>प्रस्तुतकर्ता</u>
विना कार्की
नगर उपप्रमुख, दुल्लू नगरपालिका, दैलेख

## अनुसूची-१
## चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्मको प्रगति

### १) आर्थिक विकास क्षेत्रसँग सम्बन्धित प्रगतिः

१. प्रविधिमैत्री कृषि बनाइ उत्पादन बृद्दि गर्नका लागि नगरपालिकालाई प्राप्त विशेष अनुदान कार्यक्रम तर्फ मागमा आधारित किसानहरुलाई ७८ वटा मिनिटिलर, ८१ वटा कम्वाईन्ड मिल, २ वटा आलुको ड्याङ बनाउने मेसिन, ३ वटा डिजिटल तराजु, १ वटा दाना मिल र ३ वटा बर्डिजो क्यास्टेटर वितरण गरिएको छ ।

२. दुल्लू नगरपालिकाको समन्वयमा ली-र्वड परियोजना, ग्रीन ईभोलुसन परियोजना, ग्रेप २ परियोजना, सोसेक नेपाल, युनिसेफसँगको सहकार्यमा कृषि सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ ।

३. जनतासँग नगर उपप्रमुख कार्यक्रम अन्तर्गत ३० जना किसानहरुलाई **उत्कृष्ट किसान सम्मान कार्यक्रम** र २० जना व्यक्तिहरुलाई कृषि औजार मर्मत तालिम सम्पन्न गरिएको छ ।

४. चालु आर्थिक बर्षको हालसम्म कृषि विकास शाखा मार्फत ५४६ जना सेवाग्राहीलाई प्राविधिक, प्रशासनिक लगायएतका सार्वजानिक सेवा प्रदान गरिएको छ ।

५. दुल्लू नगरपालिकाभित्र पालन गरिएका १९९५०, वटा बाख्राहरुलाई पिपिआर रोग विरुद्धको खोप, ८२५०, गाईभैंसीहरुलाई खोरेत रोग विरुद्धको ,२००० पशुहरुलाई लम्पी स्किन विरुद्धको, १५० वटा सुङ्गुर/बुङ्गुरहारुलाई स्वाईन फिवर विरुद्धको खोप र ३०० वटा कुकुहरुलाई रेविज विरुद्धको खोप तथा ६१ वटा अन्य पशुहरुलाई पोष्ट एक्सपोजर रेविज विरुद्धको खोप लगाईएको छ ।

६. कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत गत आ.व मा ३७ र हाल ३ वटा गरी जम्मा ४० वटा पशुहरुमा नश्ल सुधार कार्यक्रम सञ्चालन मार्फत उत्पादनमा वृद्धि भएको छ भने उक्त कार्यक्रम निरन्तर सञ्चालनमा रहेको छ ।

७. सुन्तला फलफुल पकेट विकास कार्यक्रम अन्तर्गत ६ वटा फर्मलाई अनुदान, कफि खेतीमा अनुदान र अनुदानको रसायनीक मल विक्रि वितरण कार्यक्रमा सहजिकरण गरिएको छ ।

८. पशुपन्छी विकास शाखा द्वारा सम्पूर्ण वडाहरुबाट विभिन्न रोगहरुको रिपोर्ट सङ्कलन तथा उपचार गरिएका ३० ५२०,पशुपन्छीहरुको पशु सेवा विभागमा रिपोर्टिङ्ग गरिनुका साथै प्रभावकारी रोग

निदानको सेवा प्रवाह गर्नका लागि आधारभुत प्रयोगशाला मार्फत नमुना संकलन तथा प्रेषण कार्य नियमित रुपमा सञ्चालन भईरहेको छ।

९. दुल्लू नगरपालिकाको समन्वयमा युनिसेफ, आइपास, सोसेक, लिबर्डको आर्थिक सहयोगमा बाख्रा वितरण, गोठ र भकारो सुधार जस्ता कार्यक्रम सञ्चालन गरिएको छ ।

१०. दुल्लू नगरपालिका पशुपन्छी विकास शाखाद्धारा चालू आर्थिक बर्षको हालसम्म पशुपन्छीहरुको औषधि तथा उपचार बाफत रु.४१,०६५।०० राजस्व रकम संकलन गरिएको छ ।

११. आगामी आर्थिक वर्षका लागि बेरोजगार व्यक्तिहरुको रोजगारी बृद्दिका लागि वडावाट प्राप्त भएका फारमहरु रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS System) मा सुचिकृतका लागि दर्ता गरिएको छ ।

१२. मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत चालु आर्थिक बर्षमा १३ वटा वडाहरु भौतिक पुर्वाधारजन्य योजनाहरु निर्माण गरी योजनाको निर्माण कार्य सम्पन्न भएको छ । जसवाट वेरोजगार व्यक्तिहरुलाई अल्पकालिन रोजगारी सिर्जना हुनुका साथै सामुदायिक पुर्वाधारजन्य विकासमा टेवा पुगेको छ ।

१३. चालु आर्थिक बर्षको हालसम्म २६ जना व्यक्तिहरुको वैदेशिक रोजगारीमा जाने कामदारहरुका लागी परार्मश तथा श्रम स्वीकृति प्रदान गरिएको छ । बैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका १ जना कामदारहरुको आर्थिक सहायताका लागि लागि सहजीकरण गर्नुका साथै एक जना मृतकको सन्तति छात्रबृतिका लागि सहजिकरण गरिएको छ ।

१४. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत सामाजिक परिचालन र विभिन्न सरकारी तथा गैर संघसंस्थाहरुको समन्वयमा गत आर्थिक वर्ष सम्म जम्मा ३२५ उद्यमी थिए भने चालु आर्थिक वर्षको हाल सम्म ३६ जना उद्यमी थप गरी जम्मा उद्यमी ३६१ जना रहेका छन ।

१५. दुल्लू नगरपालिका भित्रका २६ जना संभावित उधमीहरुलाई ७ दिने व्यवसाय सचेतना तथा सुरु र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम प्रदान गरी मागमा आधारित २६ जना सहभागीहरु मध्ये ११ जना सहभागीहरुलाई ७ दिने दालमोट तथा चटपटे बनाउने सम्वन्धि सिप विकास तालिम प्रक्रियामा रहेको साथै १५ जना सहभागीहरुलाई अदुवा खेति प्रवर्द्धन गर्नका लागि अदुवाको विउ वितण गरिएको छ ।

१६. दुल्लू नगरपालिका भित्र सिलाइकटाई गरिरहेका १० जना उधमी तथा व्यवसायिहरुलाई स्तरोन्नतीतर्फ आवश्यक्ता पहिचानका आधारमा सिलाईकटाई सामाग्रीहरु हस्तान्तरण गर्ने प्रक्रियामा रहेको साथै उनीहरुलाई लघु कर्जामा पहुँच तथा बजारीकरणका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको छ ।

१७. उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख र दुल्लू नगरपालिकाको समन्वयमा १० जना सहभागीहरुलाई जुत्ता चप्पल बनाउने तालिम प्रदान गरिनुका साथै मेसिन समेत हस्तान्तरण गरिएको छ ।

१८. जनतासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत १२ वटा सहकारीहरुलाई कम्प्यूटर तथा प्रिन्टर प्रदान गरिएको छ ।

१९. वाणिज्य तथा लघु उद्यम फर्म दर्ता १२१ साथै वाणिज्य तथा लघु उद्यम फर्म नविकरण १७७ र ठाउँसारी, खारेजी, पूजि वृद्धि र कारोवार थप ३९ वटा हाल सम्म भएका छन भने चालु आर्थिक बर्षको हालसम्म ४,६१,२७५ राजस्व संकलन गरिएको छ ।

२०. वस्तुको गुणस्तरियता, मुल्य सुचि र दर्ता नविकरणको अवस्था बारे जानकारीको लागि ४२१ वटा पसलहरु अनुगमन गरिएको थियो उक्त पसलहरुलाइ गुणस्तरिय वस्तु बिक्री, दर्ता नगरी संचालन गरिएका पसलहरु दर्ता गर्न सुझाव, मुल्य सुची राख्न सुझाव र म्याद नाघेका रु. २,४५,८०५।रुपैया बराबरको सामग्री नस्ट गरिएको छ ।

२१. दुल्लू नगरपालिकामा हाल कायम रहेका ४६ वटा सहकारीहरु मध्ये २८ वटा सहकारीलाई कोपोमिसमा दर्ता हुनका लागि आवश्यक सहजिकरण गर्नुका साथै विभिन्न सन्देशमुलक सूचना प्रबाह गरिएको छ भने सहकारी संस्थाका व्यवस्थापक र समितिका पदाधिकारीहरु बीच अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

२२. कृषि क्षेत्रमा उत्पादन बृद्दी गर्नका लागि चालु आर्थिक बर्षमा ८६ जना किसानहरुलाई सिँचाई पाइप वितरण गरिएको छ ।

## २) सामाजिक विकास क्षेत्रसँग सम्बन्धित प्रगतिः

२३. बाल अधिकार सम्बन्धी, बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण, लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान, राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, अन्तराष्ट्रिय अपाङ्गता दिवस जस्ता विविध दिवसीय कार्यक्रम मार्फत विभिन्न जनचेतनामूलक अभियान संचालन गरि समाजमा व्याप्त लैङ्गिक हिंसा, सामाजिक कुरिति र कुप्रथा विरुद्द सचेतनामूलक अभियान संचालन भई रहेका छन् ।

२४. लैङ्गिक उत्तरदायी बजेट विश्लेष्ण एवम् लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई कार्य सम्पन्न भएको छ ।

२५. समग्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा कार्य गर्ने सम्पूर्ण सरोकारवाला आवाजएभरेष्ट क्लब लगायत अन्य संघ संस्थाहरुसँग समन् ,सोसेक ,वय सहकार्य र साझेदारीमा , विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ ।

२६. सम्पूर्ण वडाहरुमा शाखाको सहजीकरण र सोसेकको आर्थिक सहयोगमा वडास्तरीय बाल सञ्जाल र नगर स्तरीय बाल सञ्जाल तथा किशोरी संजाल गठन गरिएको छ ।

२७. चालु आर्थिक बर्षको हालसम्म ४० जना विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरि हाल सम्म जम्मा ८४५ जनालाई परिचयपत्र वितरण गरिएको छ ।

२८. कर्णाली प्रदेश सरकारको बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रम अन्तर्गत गत आर्थिक बर्षसम्म २०४० जना छोरी रहेकोमा चालु आर्थिक बर्षको हालसम्म १८१ जना छोरीको नयाँ बैंक खाता थप भई जम्मा २२१५ जना छोरीको खाता खोलिएको छ ।

२९. नगर उपप्रमुख कार्यक्रम अन्तरर्गत किशोरीहरुको क्षमता विकासका लागि किशोरीहरुमा हुने बलात्कार तथा हिंसा पुर्ण ब्यवहारबाट बाच्नको लागि आत्मरक्षा तालिम प्रदान गरिएको छ ।

३०. यस नगरपालिका भित्र रहेका १ वटा दुल्लू अस्पताल, ९ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा ३ वटा शहरी स्वास्थ्य केन्द्र गरी कुल १७ वटा स्वास्थ्य संस्थामार्फत चालु आर्थिक वर्षको हालसम्म ३६,८३७ जना नयाँ तथा ९,७१८ जना पुनः सेवा लिन आएका सेवाग्राहीलाई विभिन्न प्रकारका स्वास्थ्य सेवाहरू प्रदान गरिएको छ ।

३१. आधारभूत स्वास्थ्य तथा सरसफाइ इकाई अन्तर्गत सञ्चालित ३९ वटा गाउँघर क्लिनिकमार्फत ५,३२८ जना तथा ४२ वटा खोप क्लिनिकमार्फत ४,४०९ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

३२. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय परिचालनमार्फत २५,८६४ जनालाई विभिन्न स्वास्थ्यसम्बन्धी परामर्श तथा सेवाहरू प्रदान गरिएको छ ।

३३. नियमित खोप कार्यक्रम अन्तर्गत ४८६ जना बालबालिकालाई पूर्ण खोप प्रदान गरिएको छ । साथै स्वास्थ्य सेवा अन्तर्गत प्रदान गर्नुपर्ने सम्पूर्ण खोप सेवाहरू नियमित रूपमा प्रदान गरी पूर्ण खोपयुक्त नगरपालिकाको सुनिश्चितता तथा दिगोपना कायम गरिएको छ ।

३४. पाँच वर्षमुनिका २,११६ जना बालबालिकालाई विभिन्न बाल स्वास्थ्य तथा पोषणसम्बन्धी सेवाहरू उपलब्ध गराइएको छ ।

३५. ६२० जना आमाहरूलाई स्वास्थ्य संस्थामै सुरक्षित प्रसूति सेवा प्रदान गरिएको छ भने प्रचलित मापदण्ड अनुसार यातायात खर्चसमेत उपलब्ध गराइएको छ ।

३६. नगरपालिका भित्र सूचीकृत ५ वटा स्वास्थ्य संस्थामार्फत ३५६ जनालाई सुरक्षित मेडिकल गर्भपतन तथा ९३ जनालाई सर्जिकल गर्भपतन सेवा प्रदान गरिएको छ ।

३७. परिवार नियोजन सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्दै पालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट १५,१३२ थान कण्डम, १३१ साइकल गर्भनिरोधक चक्की (पिल्स), २०५ डिपो, १५३ सायनाप्रेस, २१ जना महिलालाई आईयुसीडी तथा ८८ जनालाई इम्प्लान्ट सेवा प्रदान गरिएको छ ।

३८. प्रजनन् स्वास्थ्य सेवा सुदृढीकरणका लागि विभिन्न स्थानमा प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरी ४४८ जना महिलाको पाठेघरको मुखको क्यान्सर परीक्षण गरिएको छ । परीक्षणमा समस्या देखिएका महिलाहरूलाई थप उपचारका लागि रेफर तथा परामर्श सेवा प्रदान गरिएको छ । साथै ४७८ जनाको स्तन परीक्षण, ४९५ जनाको फिस्टुला परीक्षण तथा ४८६ जनाको आङ खस्ने समस्याको परीक्षण गरिएको छ ।

३९. दुल्लू अस्पतालमा एआरटी (ART) सेवा केन्द्र स्थापना गरी एचआईभी संक्रमित बिरामीहरूलाई नियमित रूपमा औषधि वितरण तथा आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ ।

४०. दुल्लू अस्पतालमा विशेषज्ञ चिकित्सकमार्फत विभिन्न रोगहरूको शल्यक्रिया सेवा, प्रयोगशाला सेवा, आकस्मिक सेवा तथा रेफरल सेवाहरू नियमित रूपमा सञ्चालन गरिएको छ ।

४१. गर्भावस्थामा हुन सक्ने जटिलता समयमै पहिचान तथा न्यूनीकरण गर्न तालिमप्राप्त स्वास्थ्यकर्मीमार्फत नगरपालिकाका १३ वटै वडाका स्वास्थ्य संस्थाहरूमा मासिक रूपमा ग्रामीण अल्ट्रासाउण्ड सेवा सञ्चालन गरिएको छ।

४२. दुल्लू अस्पतालबाट सुत्केरी हुनु अघि वा सुत्केरी पश्चात जटिलता देखिएमा चिकित्सकको सिफारिसमा बाहिर जानुपर्ने अवस्थामा आउने—जाने एम्बुलेन्स भाडा निःशुल्क प्रदान गरिएको छ ।

४३. मिर्गौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गराइरहेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षाघात भएका बिरामीहरूलाई मासिक रु पाँच हजारका दरले आर्थिक सहायता उपलब्ध गराउने कार्यक्रम

अन्तर्गत २०८२ साउनदेखि २०८३ वैशाखसम्म २० जना लाभग्राहीलाई उपचार खर्च रकम वितरण गरिएको छ ।

४४. गोर्खा वेलफेयर नेपाल तथा सोसेक नेपालको समन्वय र नगरपालिकाको आयोजनामा कानसम्बन्धी समस्या तथा अपाङ्गता पहिचान शिविर सञ्चालन गरी ३४० जनालाई सेवा प्रदान गरिएको छ भने ८२ जनालाई थप उपचार तथा शल्यक्रियाका लागि रेफर गरिएको छ ।

४५. स्वास्थ्य सेवालाई थप गुणस्तरीय, प्रभावकारी तथा जनमुखी बनाउन विभिन्न विकास साझेदार संघ-संस्था, सरकारी तथा गैरसरकारी निकायहरूसँग निरन्तर समन्वय, सहकार्य तथा साझेदारीमार्फत विविध स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

४६. यस नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, अशक्त अपांग भएका जम्मा ४ हजार ४ सय ४३ जना लाभग्राही मध्ये जम्मा ३ हजार ४० जना लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेसन मार्फत अनलाइन नविकरण कार्य सम्पन्न भएको छ । नयाँ थपिएका पहिलो दोस्रो र तेस्रो त्रैमासिकमा ११७८ जना लाभग्राहीलाई प्रणालीमा प्रविष्टि गरी भत्ता वितरण सुरु गरिएको छ ।

४७. यस नगरपालिका अन्तर्गत जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, अशक्त अपांग भएका व्यक्ति र अन्य बालबालिका र दलित बालबालिका गरी जम्मा ९ हजार ३ सय ९४जनालाई रु , १६ करोड १ लाख ११ हजार ४ सय ४६ रुपैया सामाजिक सुरक्षा भत्ता वितरण भएको छ ।

४८. सामाजिक सुरक्षा भत्ता वितरण कार्य लाई नागरिकलाई सहज पहुँच योग्य बनाउन भुक्तानी शिविर संचालन गरी १, २,३, ६, ९, १०, ११, १२ र १३ वडा कार्यालयबाट १८९५ जना लाभग्राहीहरुलाई रु ६ करोड ६५ लाख रुपैया वितरण गरिएको छ ।

४९. यस नगरपालिका अन्तर्गत वडा नं. १ देखी १३ वटै वडा कार्यालयबाट व्यक्तिगत घटना दर्ता जन्म दर्ता १०९८, मृत्यु दर्ता २७२, विवाह दर्ता ५०७, सम्वन्ध विच्छेद दर्ता २९ बसाईसरी आउने दर्ता ७ र बसाईसरी जाने दर्ता ८८ गरी जम्मा २००२ जनाको व्यक्तिगत घटना दर्ता गर्ने कार्य सम्पन्न भएको छ ।

५०. यस नगरपालिकाको साझेदारीमा सञ्चालित कर्णाली जल परियोजना एकिकृत जलस्रोत व्यवस्थापन , कार्यक्रम यूनिसेफ नेपाल र ,हेल्भेटास नेपालको हेलोधारा परियोजना अन्तर्गत चालु आर्थिक वर्षमा १०५ वटा खानेपानी ट्याङ्की, ३८७० वटा धाराहरुमा खानेपानी संरचना निर्माण र मर्मत

सम्भारका कार्य निर्माण कार्य सम्पन्न भएको छ । जसबाट ४९१७, घरधुरी र २५ ८८९, जनसङ्ख्यामा टेवा पुगेको छ ।

५१. दुल्लू नगरपालिका अन्तर्गत खानेपानी सुचारुपना सम्बन्धी विस्तृत भेला संन्चालन गरिएको छ भने ९० प्रतिशत भन्दा माथि खानेपानी सुचारुपना भएका उपभोक्ता समितिहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिएको छ ।

५२. आयुर्बेद सेवा तर्फ विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, पंचकर्म पूर्वकर्म कार्यक्रम, जेष्ठ नागरिकहरुलाइ स्वास्थ्य परीक्षण र रसायन औषधी निशुल्क वितरण, स्तनपायी आमालाई दुग्धबर्धक औषधी वितरण जस्ता नियमित कार्यक्रम सञ्चालन गरिएको छ ।

५३. नियमित आयुर्वेद औषधालयबाट ४४६३ जनालाई निशूल्क आयुर्वेद सेवा प्रदान गरिएको छ भने विनायकमा सञ्चालित नियमित गाउँघर क्लिनिक मार्फत ११२२ जना विरामीको स्वास्थ्य उपचार गरिएको छ ।

५४. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत श्री सरस्वती माध्यमिक विद्यालय विनायक र श्री पञ्चेश्वरी आधारभूत विद्यालयलाई विद्यालयमा भर्चुअल सिकाई, ईलर्निङ, सूचना प्रविधिक सम्बन्धी कार्यक्रम प्रदान गरिएको छ ।

५५. विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३ को स्वीकृत गरी ५ वटा विद्यालय समायोजन, ७ वटा विद्यालयको तह मिलान, सामुदायिक सिकाई केन्द्रको परिचालन, विभिन्न विद्यालयको दरबन्दी मिलान र सबै विद्यालयमा स्थायी प्रधानाध्यापकको व्यवस्थापन गरी प्रधानाध्यापकहरुलाई क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

५६. विजया माध्यमिक विद्यालयमा प्राविधिक धार, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कीर्तिखम्बमा स्रोत कक्षा, पञ्चकोशी वेद विद्याश्रम नाभिस्थानमा परम्परागत (संस्कृत) शिक्षा, नरेश्वर उद्यमशील माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन भएको छ ।

५७. आधारभूत तथा माध्यमिक विद्यालयका ४९ जना IT स्रोत शिक्षकहरूले सूचना प्रविधिसम्बन्धि क्षमता विकास तालिम पाएका छन्।

५८. आधारभूत तहको अन्तमा सञ्चालन हुने कक्षा ८ लाई व्यवस्थित वनाउनका लागि नगरपालिका स्तरीय परीक्षा सञ्चालन गरी उक्त परीक्षामा ७० प्रतिशत विद्यार्थी को परीक्षामा उतिर्ण भएका छन् ।

५९. TECSES परियोजनाको सहकार्यमा २ वटा विद्यालयमा ICT व्यवस्थापन, नगर शिक्षा योजना निर्माण, विद्यालय सुधार योजना निर्माण, शिक्षकका विभिन्न प्रकारका क्षमता विकास तालिम, नियमित विद्यालय अनुगमन, कक्षा कोठा अवलोकन कोचिङ्ग मेन्टरिङ्ग लगायत, शिक्षकहरुको पेशागत विकासका विभिन्न कार्यहरु सञ्चालन भइ रहेका छन् ।

६०. दुल्लू नपा १० दैलेख स्थित कृष्ण आधारभूत विद्यालय गतेडीचौरको सम्पूर्ण व्यवस्थापन शिक्षा सरोकार केन्द्र सञ्चालन गरी प्रभावकारी शिक्षण गरि रहेको छ ।

६१. सबै माध्यमिक विद्यालयहरुमा सिसिटिभि क्यामरा र इलेक्ट्रिक हाजिरी जडानको कार्य भई रहेको छ भने २० वटा आधारभूत विद्यालयहरुलाई डेक्स्टिप कम्प्यूटर र प्रिन्टर वितरण गरिएको छ ।

६२. खेलकुद विकास समितिसँगको समन्वयमा नगरपालिका स्तरिय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता, नगर उप प्रमुख कप महिला भलिबल प्रतियोगिता र अन्तरपालिका स्तरीय नगर प्रमुख कप खुला भलिवल प्रतियोगिता सम्पन्न भएका छन् ।

६३. बहु क्षेत्रीय पोषण कार्यक्रम मार्फत विभिन्न ७ वटा विषय शाखा मार्फत रहित बार्षिक स्वीकृत भए अनुसारका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

६४. जनतासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत माध्यमिक विधालयहरुमा जेहेन्दार तथा गरिब विधार्थीहरु लाई शैक्षिक सामग्री तथा पोषाक वितरण तथा शैक्षिक गुणस्तर सम्बन्धी अन्तर्क्रिया कार्यक्रम, जेष्ठ नागरिकसँग नगर प्रमुख भेटघाट कार्यक्रम, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका नागरिकहरुलाई सहायता कार्यक्रम र SEE परीक्षा २०८२ मा उत्कृष्ठ GPA प्राप्त गर्ने विद्यार्थीलाई सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।

६५. जनतासँग नगर उप प्रमुख कार्यक्रम अन्तर्गत आधारभूत विद्यालयहरुमा जेहेन्दार तथा गरिब विद्यार्थीहरु लाई शैक्षिक सामग्री तथा पोषाक र वितरणका साथै अभिभावकसँग शैक्षिक गुणस्तरका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

६६. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुका साथै १ देखि १३ वडाका ६१६ जना व्यक्तिहरुलाई मनोसामाजिक परामर्शसेवा र समुदायस्तरमा सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

## ३) पूर्वाधार विकास क्षेत्रसँग सम्बन्धित प्रगतिः

६७. चालु आर्थिक बर्षको हालसम्म स्वीकृत भएका जम्मा योजना संख्या ५९४ मध्ये ४९५ योजनाको सम्झौता भएको र ३५० वटा योजनाको भुक्तानी भई सकेको छ ।

६८. खेलकुद क्षेत्रको प्रवर्धन तथा विकासका लागि दुल्लू नपा ७ खालीचाखाँमा कभडहल निर्माण, चाखाबाडा खेलमैदान व्यवस्थापन र विनायक खेलमैदान निर्माणको कार्यहरु भई रहेका छन् ।

६९. चालु आर्थिक बर्षमा ८ किलोमिटर नयाँ कच्ची सडकको निर्माणसँगै हालसम्म जम्मा ३१२ किलो मिटर कच्ची सडक निर्माण गरी सबै वडामा मोटर गाडीहरु सहजरुपमा चल्ने सडकको निर्माण गरिएको छ ।

७०. चालु आर्थिक बर्षमा ३ किलोमिटर ग्राभेल सडकको निर्माणसँगै हालसम्म जम्मा २४ किलो मिटर ग्रावेल सडक निर्माण गरी सबै वडा सेन्टरमा १२ महिना गाडीहरु सहजरुपमा चल्ने सडकको निर्माण गरिएको छ ।

७१. चालु आर्थिक बर्षमा ९ किलोमिटर कालोपत्रे सडकको निर्माणसँगै हालसम्म जम्मा ७७ किलो मिटर पक्की कालो पत्रे सडक निर्माण गरी यातायातका साधनहरु सहजरुपमा सञ्चालन भई रहेका छन् ।

७२. द्रोणाचल क्याम्पसको हाता भित्र सुविधा सम्पन्न सभाहल निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

७३. दुल्लू नगरपालिका वडा नं. ८ स्थित नेपाली सेनाले प्रयोग गरेको जग्गाका विस्थापित दलित समुदायका १५ जना व्यक्तिहरुको जनता आवास कार्यक्रम मार्फत घर निर्माण कार्य गरिएको छ ।

७४. नहर, कुलो, पोखरी जस्ता पुर्वाधारको विकास गरी ८८ हेक्टर जमिनमा सिचाई सुविधा प्रदान गरिएको छ ।

७५. दुल्लू नगरपालिका वडा नम्बर १० को चौरासेमा झोलुङ्गेपुल निर्माण कार्य भएको छ भने नाभिस्थान खोलामा पक्की मोटरेवल पुलको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

७६. चालु आर्थिक बर्षमा सरस्वती मावि विनायक, जनकल्याण आवि पाथरनाउली, कृष्ण आवि नारीकामुलपानी, नेपाल राष्ट्रिय आवि मौरीकोट, नेपाल राष्ट्रिय मावि किर्तिखम्ब, नेपाल राष्ट्रिय आवि रिजु र हनुमान आवि बसपानीमा ९ वटा नयाँ विद्यालय भव निर्माण भए सँगै हालसम्म जम्मा ३८ वटा विद्यालयका भवन निर्माण गरिएको छ ।

७७. संघीय सरकारको समपुरक अनुदान र नगरपालिकाको साझेदारीमा बारतडि शान्तिबजार किर्तिखम्ब पटाङ्गिनी गढी सडक स्तरोन्नती कार्य दुल्लू नगरपालिका ४, ५, ७ र ८ मा निर्माणाधीन रहेको छ ।

७८. भारत सरकार र यस नगरपालिकाको साझेदारीमा नेरामावि बहुउद्देश्यीय भवन निर्माण कार्य दुल्लू नपा ७ (क्रमागत योजना) निर्माणाधीन रहेको छ ।

७९. दुल्लू अस्पताल पूर्वाधार निर्माण अन्तर्गत प्रशासनिक भवनको तला थप र माथिल्लो भवनमा ट्रस निर्माण गर्नुका साथै अन्य आवश्यकता अनुसार सुविधा विस्तार गरिएको छ ।

८०. कर्णाली प्रदेश सरकारको समानीकरण अनुदान र यस नगरपालिकाको साझेदारीमा बडलम्जी स्वास्थ्य चौकी वर्थिङ सेन्टर र बडापोखरा वर्थिङ सेन्टर निर्माण कार्य भइरहेको छ ।

८१. यस चालू आर्थिक वर्षमा वडा स्थानीय पूर्वाधार विकास सहयोग कार्यक्रम र यस नगरपालिकाको साझेदारीमा १२ वटा सडकखण्ड को स्तरोन्नती (२.२ कि मी ) र १ सिंचाई कुलो (७०० मी) निर्माण भएको छ ।

८२. सडक वोर्ड नेपालको अनुदान र यस नगरपालिकाको साझेदारीमा दुल्लू नगरपालिका वडा नम्बर १ को बजाड –डाँब सडक स्तरोन्नतिको कार्य भएको छ ।

८३. दुल्लू नगरपालिकाको अधिकांश भूभागमा विद्यूतीकरण कार्य सम्पन्न भएको छ । यस नगरपालिकामा विद्युतिकरणको लागि गरिएको ठेक्काको कार्य गत आर्थिक वर्षबाट प्रारम्भ भइ हाल सम्म कार्य चलिरहेकोले आगामी २ बर्षभित्र करीब ९२ प्रतिशत जनसंख्याले विद्यूत सुविधा उपयोग गर्ने अनुमान गर्न सकिन्छ ।

८४. घर नक्सा पास भईसकेका फाइललाई EBPS system मा अपलोड भइरहेको छ भने निर्माण सम्पन्न घरहरुको अभिलेखिकरण कार्य भइरहेको छ।

## ४) वन, वातावरण तथा विपद् व्यवस्थापनसँग सम्बन्धीत प्रगति:

८५. नगर बाट संचालन हुने सबै योजनाहरुमा विपद व्यवस्थापन कोष वापत १ प्रतिशत रकम कटाई विपद् व्यवस्थापन कोषमा राख्ने र नगर बाट बार्षिक रुपमा बजेट विनियोजन गरि सोही कोषबाट भूक्तानि दिने व्यवस्था मिलाईएको छ ।

८६. चालु आर्थिक बर्षको हालसम्म विभिन्न प्रकारका प्रकोप पिडित ८९ जना नागरिकहरुलाई नियमानुसार रु ४५९,०००। (चार लाख उन्साठ्ठी हजार) राहत रकम पिडितको बैंक खाता

मार्फत भूक्तानी गरिएको छ भने असहाय, विपन्न र मानसिक स्वास्थ्य समस्या भएका ५१ जनाहरुलाई ४७०,००० । आर्थिक सहयोग गरिएको छ ।

८७. नगरपालिकामा विभिन्न ५४ वटा सामुदायीक वन उपभोक्ता समुह मध्ये ३० वटा सामुदायीक वन उपभोक्ता समितिहरु नगरपालिकामा अभिलेखिकरण भएकाछन् भने ४ वटा सामुदायीक वन उपभोक्ता समितिहरु नविकरण भएका छन् ।

८८. आइपास नेपाल र युनिसेफको आर्थिक सहयोगमा वडा नं ११ र १२ मा दिगो यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र जलवायु परिवर्तन उत्थानशिल परियोजना अन्गर्तग विपदमा परेका, एकल महिला र विपन्न घरधूरीहरुलाई आयआर्जनका लागि जम्मा रकम ४ लाख ४० हजार आर्थिक सहयोग उपलब्ध गराईएको छ ।

८९. दुल्लू नगरपालिकाको आयोजना र वन डिभिजन कार्यालय दैलेखको समन्वयमा वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई वन क्षेत्रको विकास र आगलागी नियन्त्रण सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ ।

९०. हावाहुरी, आगलागी, चटयाङ्ग र अविरल वर्षाका कारणले प्रभावित ५२ वटा घरधूरीहरुलाइ सुरक्षाका लागि पाल वितरण गरिएको छ ।

९१. दुल्लू नगरपालिका दैलेखले विपद् जोखिम न्यूनिकरण स्थानीय कार्यमञ्चको संचालन मार्गदर्शन २०७७, दुल्लू नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७७, दुल्लू नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यीविधि २०७७, राष्टिय एकिकृत सूचना प्रणाली BIPAD पोर्टलको संचालन तथा व्यवस्थापन कार्यीविधि २०७७, विपद् जोखिम न्यूनिकरण रणनिति कार्ययोजना २०२२, स्थानीय आपतकालिन कार्यसंचालन कार्यीविधि २०७५, विपद् व्यवस्थापन सूचना प्रणाली, जोखिम संवेदनशिल भू-उपयोग योजना, विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना २०७९, स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण गरी दुल्लू नगरपालिकाको विपद व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था प्रभावकारी बनाइएको छ ।

## ५) सुशासन तथा संस्थागत विकास क्षेत्रसँग सम्बन्धित प्रगति

९२. सेवा ग्राहिको कामलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि टोकन प्रणाली सहितको एकिकृत सेवा प्रबाह केन्द्र सञ्चालन गरी चालु आर्थिक बर्षको हालसम्म ..... जनालाई सेवा प्रबाह गरी सेवा ग्राहिको सन्तुष्टि मापन गर्दा अति राम्रो तर्फ ..... राम्रो तर्फ .... ठिकै तर्फ .... र नराम्रो तर्फ .... भएको पाइयो ।

९३. नगरपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी जडान गर्नुका साथै फिल्ड, काज, विदा लगायतका रेकर्ड राख्नका लागि लगबुकको व्यवस्थापन गरिएको छ ।

९४. नेपालको संविधान र प्रचलित कानूनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन मार्फत नागरिकको नजिकको सरकारको रुपमा सेवा प्रवाहलाई प्रभावकारी चालु आ.व. मा जम्मा २३ (संशोधन सहित) वटा कानूनहरुको निर्माण गरिएको छ भने हालसम्म सबै गरी जम्मा १६६ वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

९५. चालु आर्थिक वर्षको हालसम्म नगर कार्यपालिकाको बैठक संख्या २१, नगर शिक्षा समितिको वैठक संख्या ६, श्रोत अनुमान तथा बजेत सीमा निर्धारण समितिको वैठक संख्या २, राजस्व परामर्श समितिको बैठक संख्या ६, बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक संख्या २, कार्यपालिका अन्तर्गतका विभिन्न विषयगत समितिहरु आर्थिक विकास समितिको बैठक संख्या १५, सामाजिक विकास समितिको बैठक संख्या ५, पूर्वाधार विकास समितिको बैठक संख्या ५, बन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक संख्या ३, सुशासन तथा संस्थागत विकास समितिको बैठक संख्या ७, नगर सभा अन्तर्गतका विधायन समितिको बैठक संख्या २, सुशासन समितिको बैठक संख्या ३, लेखा समितिको बैठक संख्या ३, जनतासँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन समितिको बैठक संख्या १०, जनतासँग नगर उप प्रमुख कार्यक्रम कार्यान्वयन समितिको बैठक संख्या ८, सार्वजनिक खरिद इकाईको बैठक संख्या १५, मर्मत संम्भार सिफारिस समितिको बैठक संख्या ८, १३ वटै वडाका बैठक संख्या ३१२, स्थानीय रोजगार निर्देशक समिति र रोजगार सम्बाद मञ्चको बैठक संख्या २, तथा अन्य विभिन्न समन्वय बैठकहरु २५ लगायत २ वटा नगरसभा सम्पन्न गरिएको छ ।

९६. नगरपालिकाको सूचना, ऐन, कानून, निर्देशिका, राजपत्र, वजेट विवरण, प्रतिवेदन साथै वार्षिक नगर विकास योजना किताबको प्रकाशन लगायत सार्वजनिक सरोकारका विषयहरु नियमित वेभसाइटमा अध्यावधिक गरिनुका साथै वेभसाईट मार्फत नगरपालिकाका गतिविधिहरु सार्वजनिक गर्ने गरिएको छ ।

९७. दुल्लू नगरपालिका परिसर तथा प्रत्येक कोठाहरुमा सिसिटिभि क्यामरा जडानका साथै नगरपालिकामा कार्यरत कर्मचारी, १३ वटै वडा र स्वास्थ्य चौकीहरुमा कर्मचारीहरुको बिद्युतीय हाजिरी जडान गरी प्रयोगमा ल्याइएको छ ।

९८. नगरपालिकाले प्रवाह गर्ने सेवा प्रवाहलाई जनमैत्री बनाउन तथा एकद्धारा प्रणाली मार्फत छिटो छरिटो प्रवाह गर्नका लागि एकीकृत सेवा प्रबाह केन्द्रको स्थापना गरी टोकन प्रणाली मार्फत नागरिकलाई सेवा प्रबाह प्रदान गरिएको छ ।

९९. हरेक दिन विहान ८:५५ बजे राष्ट्रिय गान सहित कर्मचारीलाई दैनिक प्रवाह गर्ने सूचना आदान प्रदान गर्ने गरीएको र कर्मचारीहरुलाई खाजा खाने समय निर्धारण गरी लागू गरिनुका साथै नियमित रुपमा कर्मचारीहरुको मासिक र आकष्मिक कर्मचारी बैठकहरु वस्ने गरिएको छ ।

१००. दुल्लू नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न नदी तथा घाटहरूबाट कानून वमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गरी राजश्व अभिवृद्धी गर्ने नीति बमोजिम यस नगरपालिका क्षेत्रका विभिन्न ५ वटा घाटहरू ठेक्कामा लगाइ राजश्व रू. ५७००३०/- आम्दानी गरिएको छ ।

१०१. राजश्व प्रणाली अन्तरगत पालिकालाई बुझाउने करलाइ व्यवस्थित बनाउने नीति अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा राजश्व सङ्कलन गर्न सुरूवात गरिएको छ ।

१०२. दुल्लू नगरपालिकाको आन्तरिक आम्दानी तर्फ हालसम्म रू. ८५२१३०८।८७ राजश्व सङ्कलन गरिएको छ ।

१०३. न्यायिक समितिका २२ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न १५ वटा उजुरी माथि छलफल गरी आवश्यक कारवाही गरिएको, जसमध्ये १० वटा उजुरी फछ्र्यौट भइ लगत कट्टा गरिएको छ भने ५ वटा मुद्दा छलफलको क्रममा रहेका छन् ।

१०४. नगरपालिकामा क्रियाशिल राजनीतिक दल, सरकारी कार्यालयका प्रमुखहरु, विद्यालयका प्रधानाध्यापकहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु, विकास साझेदारहरु अन्य सरोकारवालाहरु विच आगामी आर्थिक वर्ष ०८३।०८४ को नीति,कार्यक्रम तथा वजेट तर्जुमा सम्बन्धी वृहत सुझाव संकलन तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

१०५. जनप्रतिनिधि, कर्मचारी, न्यायीक समितिका सहजकर्ता, किसानहरुको क्षमता विकासका लागि अन्तरपालिका स्तरीय भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ ।

१०६. सेवक नेपाल दैलेखको सहजिकरणमा सामाजिक आर्थिक विपन्नता सूचना व्यवस्थापन प्रणाली (SEVIMS) मार्फत प्रत्येक वडाहरुमा तथ्याङ्क संकलन गरि समिक्षा तथा विष्लेषण भईरहरेको छ र N-WASH प्रणालीमा डाटा अद्ययावधिक कार्य भईरहेको छ ।

१०७. डिजिटलाईजेसन कार्यमा एकिकृत मोवाईल एप, कागजात ब्यवस्थापन प्रणाली, अनुगमन प्रणालीको विकास भइ संचालन गरिएको छ त्यस्तै विपद् सूचना ब्यवस्थापन प्रणाली को लागि एक छुट्टै विपद् सूचना ब्यवस्थापन (BIPAD Portal) को विकास गरि संचालन मा ल्याइएको छ ।

१०८. वडा वाट प्रदान गरिने नागरिकता सिफारिस लाई अनलाईन प्रणाली लाई पुर्ण रुपमा कार्यान्वयन गरिएको छ।

१०९. जिन्सी शाखासंग सम्बन्धित सम्पूर्ण कार्यहरु नेपाल सरकारद्धारा संचालन गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS V2) पूर्णरुपमा लागु गरिएको छ ।

११०. हालसम्म नगरपालिकामा मोटरसाईकल ३५ वटा, जिप ३ वटा, डोजर १ वटा, रोलर १ वटा, ट्रिप्पर १ थान रहेका छन् भने १ वटा जिप र १ वटा ट्रिप्पर प्रयोग विहिन अवस्थामा रहेका छन् ।

१११. दुल्लू नगरपालिकाको आर्थिक प्रशासन तर्फ खर्च लेखाङकन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नका लागि नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयद्धारा निर्मित स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) को पूर्णरुपमा कार्यान्वयन गरिएको छ ।

११२. चालु आर्थिक वर्षमा हालसम्म भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न तथा सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्ने हेतुले लागु गरिएको EFT (Electronic Fund Transfer) System बाट ७४११ कारोबार नम्बरबाट १ अर्ब ९९ करोड ३१ लाख ५८ वरावरको भुक्तानी कारोवार गरिएको छ ।